नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २९७ | २०७९ साल असार २४ गते शुक्रबार (8 July 2022 Friday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**बचत गर्दा ध्यान दिऔं।**

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : उत्पादनमूलक क्षेत्रमा लगानी.. ३ पृष्ठमा : सांसदको प्रश्न : किसानले मल र ... ३ पृष्ठमाचीनसँगका सबै समस्या शीघ...

## प्रदेश सरकारका गृह (आन्तरिक) मन्त्रीहरुको भेलाले सात बुँदे घोषणा पत्र जारी

# प्रहरी र जिल्ला प्रशासन कार्यालयलाई प्रदेश मातहत ल्याउन संघ सरकारलाई अल्टिमेटम




**दैनिक समाचारदाता**
**जनकपुरधाम, २३ असार ।**

मधेश प्रदेश सरकारको समन्वयमा जनकपुरमा बिहीबार सम्पन्न गृह (आन्तरिक मामिला) मन्त्री स्तरीय अन्तर प्रदेश भेलाले प्रहरी समन्वय सम्बन्धि ऐनको आधारमा प्रहरी समायोजन गरि प्रदेशलाई हस्तान्तरण गर्न संघ सरकारलाई अल्टिमेटम दिएको छ ।

सम्पन्न प्रदेश सरकारका गृह (आन्तरिक) मन्त्रीहरुको भेलाले सात बुँदे घोषणा पत्र जारी गर्दै साउन महिना भित्र प्रहरी समायोजन ऐन र प्रहरी समन्वय सम्बन्धि ऐनको आधारमा प्रहरी समायोजन गरि प्रदेशलाई हस्तारण गर्न संघ सरकारलाई सो अल्टिमेटम दिएको हो ।

भेलाले प्रदेश प्रहरी कार्यान्वयन गर्ने सम्वन्धमा प्रहरी समायोजन ऐन र प्रहरी समन्वय सम्बन्धी ऐनलाई आधार लिई संघिय सरकारले आगामी श्रावण मसान्त भित्र प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने, प्रदेश भित्र रहेका जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरुलाई प्रदेश मातहत ल्याउन संघिय सरकारलाई अग्रसर हुनु पर्ने घोषणा पत्रमा उल्लेख छ ।

त्यस्तै विपद व्यवस्थापन सम्वन्धी कार्यलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारहरुलाई अधिकार सम्पन्न बनाउनु पर्ने, काठमाण्डौ उपत्यकाका तिन जिल्लाको शान्ति सुरक्षाको जिम्मा संघले लिई तिनवटै जिल्ला प्रहरी कार्यालय र मातहतको प्रहरी कार्यालय संघको गृह मन्त्रालय मातहत राख्ने गरी प्रस्तावित प्रहरी ऐन संशोधनको कार्य संविधान विपरित भएकाले उक्त कार्य तत्काल रोकि १३ वटै जिल्लाको शान्ती सुरक्षाको जिम्मा प्रदेश सरकार मातहत हुनुपर्ने घोषणापत्रमा उल्लेख रहेको छ ।

यसैगरि प्रदेशभित्र रहेका सबै सरकारी वकील कार्यालयहरु प्रदेशको मुख्य न्यायाधिवक्ता मातहत ल्याई अभियोजन सम्वन्धि अधिकार मुख्य न्यायाधिवक्तालाई हस्तान्तरण गर्न अधिकार प्रत्यायोजनका लागि महान्यायाधिवक्तालाई आवश्यक कानूनी व्यवस्था गर्नु पर्ने, प्रदेश निजामति सेवा अनुसार प्रदेशको प्रमुख सचिव तथा सचिवहरु प्रदेशको आफनै नियमावली अनुसार ल्याउनुपर्ने लगायतका बुन्दा समेटदै घोषणापत्र जारी गरेको हो ।

घोषणापत्र जारी गर्दै मधेशका गृह तथा संचारमन्त्री भरत प्रसाद साहले साउन भित्र प्रहरी समायोजन नभए संघ सरकार विरुद्ध चरणबद्ध आन्दोलनमा जाने सबै प्रदेशका गृह (आन्तरिक मामिला) मन्त्रीहरु बीच सहमति भएको बताए ।

घोषणापत्रमा प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्की, बागमति प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण प्रसाद शर्मा खनाल, गण्डकी प्रदेशका आन्तरिक मामिला मन्त्री डोबाटे विश्वकर्मा, लुम्बनी प्रदेशका आन्तरिक मामिला तथा संचारमन्त्री तिलक शर्मा, सुदुर पश्चिमका आन्तरिक मामिला तथा कानून मन्त्री डा. रणबहादुर रावलले हस्ताक्षर गरेका छन् ।

## वैदेशिक रोजगारीको प्रलोभन दिई ठग्ने पक्राउ

वीरगञ्ज, २३ असार (रासस) ।

वैदेशिक रोजगारीको प्रलोभन देखाइ विभिन्न व्यक्तिसँग लाखौं रकम ठग्ने एक जनालाई जिल्ला प्रहरी कार्यालय पर्साले रु पचहत्तर हजारसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्साको छिपहरमाई गाउँपालिका-३ घर भई हाल वीरगञ्ज महानगरपालिका-१६ मा डेरा गरी बस्ने ३४ वर्षीय नवलकिशोर साह कानु रहेको प्रहरीले जनाएको छ । कानुले विभिन्न व्यक्तिसँग वैदेशिक रोजगारमा निःशुल्क टिकट र भिसामा विदेश पठाइदिन्छु भन्दै प्रलोभन देखाएर रु २५ हजारदेखि रु दुई लाखसम्म रकम ठगेको उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले कानुको डेराबाट नेपाली रु तीन लाख र भारतीय रुपैयाँ एक लाख ४८ हजार नगद तथा आइएमईका कागजातसहित नियन्त्रणमा लिई ठगीसम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट पाँच दिन म्याद थपेर अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

कानुले रकम हात पार्न आफ्नो नागरिकता प्रयोग नगरी अन्य व्यक्तिको नागरिकताको प्रतिलिपि प्रयोग गरेर आइएमईमार्फत रकम झिकेको उजुरीका आधारमा डेराबाट प्रहरीले नियन्त्रणमा लिएको थियो ।

## अधिकांश विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्न सकेको छैन

**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

शैक्षिक सत्र सुरु भएको दुई महिना बित्न लाग्दा पनि अहिलेसम्म अधिकांश विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्न सकेको छैन ।

पुस्तक विद्यार्थीहरुको हातमा पुग्न नसक्दा उनीहरु आफ्नै तरिकाले पढाई गर्न बाध्य छन् । पुस्तकको अभाव सबै भन्दा बढी कक्षा ६, ८ र ९ कक्षामा देखिएको छ । कक्षा ६, ८ र ९ का हाल सम्म सेटमा पुस्तक नपाइएको विद्यार्थी र अभिभावकको गुनासो छ । अन्य कक्षाका ऐच्छिक विषयहरुका पाठ्यपुस्तकको पनि अझै अभाव रहेको विद्यार्थीहरुले गुनासो गरेका छन ।

सप्तरी जिल्लामा ५ सय १३ सामुदायिक विद्यालयमा १ लाख ७ सय ६ विद्यार्थी अध्ययनरत छन् । ती मध्ये अहिले सम्म ५० प्रतिशत विद्यार्थीको हातमा पुस्तक अझ पुग्न सकेको छैन् ।

यस्तै जिल्लामा १ सय ७७ निजी विद्यालयमा कक्षा १ देखी १२ सम्मका कुल ३४ हजार ६ सय ५१ विद्यार्थी छन् । उक्त विद्यालयमा पनि कक्षा ६ देखि १० सम्म जनक शिक्षा सामाग्री केन्द्रद्वारा उत्पादित नेपाली र अंग्रेजी विषयका पाठ्यपुस्तक कै पढाई हुन्छ ।

कक्षा ६, ८, ९ र १० का नेपाली तथा अंग्रेजी विषयका पाठ्यपुस्तकका लागी विगत एक महिनादेखि पुस्तक पसलहरु चहार्दा चहार्दै हैरान बनेपनी सो पुस्तक पाउन नसकेको स्थानीय अभिभावक दिलिप दासले सुनाए ।

सामुदायिक विद्यालयको पुस्तक उत्पादन र विक्री वितरणको जिम्मेवारी लिएको

*बाँकी अन्तिम पृष्ठमा*

## थप ७८ जनामा कोरोना भाइरस संक्रमण

**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

नेपालमा पछिल्लो २४ घण्टामा थप ७८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ३ हजार ५ सय १५ जनाको परीक्षण गर्दा ७८ जनामा संक्रमण भएको हो ।

जसमध्ये १ हजार ३८४ जनाको पीसीआर परीक्षण गर्दा ६० जना र २ हजार १३१ जनाको एन्टिजेन परीक्षण गर्दा १८ जना गरी ७८ जनामा संक्रमण देखिएको मन्त्रालयको भनाइ छ ।

योसँगै कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या ५०८ पुगेको छ । पछिल्लो २४ घण्टामा २३ जना संक्रमणमुक्त भएका छन् ।

बिहीबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ११ लाख २० हजार ६३५ पुगेको छ ।

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्न सिबिफिनको सुझाव

काठमाडौं, २३ असार (रासस)।

स्थानीय निकायको रकमलाई शतप्रतिशत निक्षेप गणना गर्न दिने व्यवस्थाले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न मद्दत पुग्ने भन्दै बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) ले आर्थिक विकास, अर्थतन्त्रको उन्नयनलगायतका विषयमा आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा विशेष प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएको छ।

आगामी आर्थिक वर्षको मौद्रिक नीतिका सन्दर्भमा सिबिफिनले बिहीबार यहाँ आयोजना गरेको कार्यक्रममा अनावश्यक र विलासीताका वस्तुको आयातमा गरिएको कडाइलाई थप निरन्तरता दिँदै निर्यात प्रवर्द्धन गर्न उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्नुपर्ने सुझाव दिएको छ।

राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको आवधिक समीक्षा र अर्थ मन्त्रालयले आगामी आवको बजेटमार्फत औँल्याइएका आर्थिक एवं वित्तीय सूचकाङ्कहरूले मुलुकको अर्थतन्त्र समस्याग्रस्त हुँदै गएको स्पष्ट सङ्केत गरेपछि आमरूपमा अर्थतन्त्रका बारेमा विशेष चासो र चिन्ता बढाएको तर्क गर्दै उसले खस्किँदै गएको अर्थव्यवस्थालाई थप जटिलतातर्फ उन्मूख हुनबाट जोगाउन मौद्रिक नीति महत्वपूर्ण हतियार साबित हुने जनाएको छ।

अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीको स्पष्ट पहिचानसहित न्यूनीकरण गर्दै जानका लागि सरकार, जिम्मेवार सम्पूर्ण निकाय र सरोकारवाला सबैले निकै चनाखो भएर एकाकार भई लाग्नु अहिलेको प्रमुख आवश्यकता रहेको सिबिफिनको ठहर छ। विगत केही समयदेखि कायम रहेको तरलताको समस्या समाधानका लागि बृहत अध्ययन तथा अनुसन्धान गरी सुझावसहितको प्रतिवेदन यसअघि अर्थ मन्त्रालय र केन्द्रीय बैंकलाई बुझाइसकिएको तथा त्यसमध्ये केही सुझाव आगामी आवको बजेटमा समावेश भएको छ।

चुलिँदै गएको व्यापार घाटाको विषयलाई मसिनो गरी हेर्नुपर्नेमा जोड दिँदै सो संस्थाले नेपालमा विप्रेषण र बैंक तथा वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा प्रवाह हुने ऋणले नेपालको व्यापार घाटामा के कस्तो प्रभाव पारेको छ, के-कस्ता समस्या उत्पन्न भए, ती समस्याको निरुपण कसरी गर्न सकिन्छ भन्ने बारेमा गरिएको अध्ययन प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्रमार्फत बुझाइसकेको सो संस्थाको भनाइ छ।

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागसँगको सहकार्यमा सिबिफिनले अध्ययन गरेको थियो। पेचिलो बन्दै गएको तरलताको समस्या समाधान र क्रमशः घट्दो अवस्थामा रहेको विप्रेषण आप्रवाहलाई थप प्रभावकारी एवं व्यवस्थित बनाउनका लागि केही निरोधात्मक, प्रवर्द्धनात्मक उपायको खोजी गर्नुपर्ने सुझाव दिइएको छ। विप्रेषण आप्रवाहमा विशेष व्यवस्थापन गर्ने, त्यसको निश्चित् हिस्सालाई बचत गर्न आकर्षित योजना ल्याउने, विप्रेषणमा विशेष ब्याजदर उपलब्ध गराउने, बीमामा विशेष सुविधा उपलब्ध गराउने, सामाजिक सुरक्षा कोषमा सहभागी हुन अभिप्रेरित गर्नुपर्नेमा जोड दिइएको छ।

यस्तै नेपालमा फर्केर उद्योग सञ्चालन गर्न चाहेमा उनीहरूको क्षमतालाई विश्लेषण गरी बचत गरेको रकमको दशौँ गुणासम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, साधारण शेयरमा आरक्षणको व्यवस्था गर्ने, गैरआवासीय नेपालीका लागि आकर्षक बचत र उत्पादनजन्य उद्योगमा लगानी गर्न विशेष योजना जस्ता व्यवस्था लागू गर्ने सिबिफिनको सुझाव छ।

यस्तै सिबिफिनले मौजुदा सिडी रेसियोलाई ९५ प्रतिशत पुऱ्याइ उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्न प्रोत्साहनसहित आवश्यक नीतिगत व्यवस्था गर्ने, बैंक तथा वित्तीय संस्थाले आर्जन गरेको मुनाफाको वितरणको निर्क्यौल गर्ने अधिकार पूर्व व्यवस्था अनुरुप नै सम्बन्धित संस्थालाई दिनुपर्ने उल्लेख गरेको छ।

अर्थतन्त्रले थेग्न नसक्ने गरी बढेको व्यापार घाटा र समस्याग्रस्त बन्दै गएका उद्योग व्यवसायको पुनरुत्थानका लागि पनि थप केही उपायको खोजी गर्नुपर्ने सिबिफिनको भनाइ छ। बैंकिङ क्षेत्रबाट निजी क्षेत्रलाई जाने कर्जाका सन्दर्भमा पनि उत्पादनजन्य उद्योगमा केन्द्रित गर्ने वातावरण निर्माण गर्दा देशमा औद्योगिकरणको लागि पूँजी पर्याप्त हुने र व्यापारघाटा कम गर्नका लागि योगदान पुग्ने ठहर गरिएको छ।

"कृषि तथा पर्यटनजन्य उद्योग, साना, घरेलु तथा मझौला उद्योग, रोजगार एवं निर्यातमूलक उद्योग, पूर्वाधार विकास-निर्माणजन्य उद्योग जस्ता क्षेत्रमा केन्द्रित गर्दा राष्ट्रिय उत्पादनमा बढोत्तरी हुने र त्यस्ता उद्योगबाट नै ठूला उद्योगका लागि चाहिने आधार निर्माण भई प्रत्यक्षरूपमा आयात प्रतिस्थापन हुने देखिन्छ", सुझावमा भनिएको छ, "निर्यात प्रवर्द्धनमा सहयोग हुन गई व्यापार घाटा कम हुने देखिन्छ, साथै यस्ता प्रकारका उद्योगमा अफ टाइममा सस्तो दरमा विद्युत् उपलब्ध गराउँदा विद्युत्को खपतमा वृद्धि भईकन पेट्रोलियम पदार्थको उपयोग कम हुने र उत्पादनमा समेत वृद्धि भई आयात कम हुने देखिन्छ।"

अनुत्पादक वा कम उत्पादक क्षेत्रमा प्रवाह हुने ऋणभन्दा उत्पादनजन्य उद्योगमा प्रवाह हुने ऋणको ब्याजदरमा चार प्रतिशत कम गरी उपलब्ध गराउनुपर्ने, महिलाहरूले आफ्नो नाममा रु २५ लाखसम्म बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मा गर्दा उक्त रकमको स्रोत नचाहिने व्यवस्था गर्दा महिलाको आर्थिक एवं सामाजिक सशक्तीकरणमा टेवा पुग्ने सिबिफिनको भनाइ छ।

कृषि परियोजना गर्ने सूचीकृत कम्पनीलाई ऊर्जामा जस्तै लगानी गर्दा स्रोत नचाहिने व्यवस्था गरिए सबल राष्ट्रिय अर्थतन्त्र निर्माणका साथै आयात प्रतिस्थापनमा सहयोग पुग्ने, ठूला उत्पादनजन्य कम्पनीलाई अन्तर्राष्ट्रिय कम्पनीको उत्पादन सञ्जालसँग जोड्नका लागि आवश्यक ऋण प्रवाहको व्यवस्था मिलाउनुपर्ने सिबिफिनको माग छ।

उत्पादनजन्य उद्योगमा बढी ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थालाई सम्मान र पुरस्कारको व्यवस्था गर्ने, अति आवश्यक कृषिजन्य कच्चापदार्थबाहेक अन्य कृषिजन्य वस्तु तथा सामग्रीको आयातमा रोक लगाउनुपर्नेमा जोड दिइएको छ। नेपाली मौलिक वस्तुको उत्पादनमा लगानी विस्तार गर्ने, निर्यात प्रवर्द्धन गर्ने, उपयोगमा विशेष जोड दिँदै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सङ्घीय/प्रदेश/स्थानीय निकायका कर्मचारी र विद्यार्थीको पोशाक, जुत्ता, ब्याग, पिउने पानी आदि नेपाली उत्पादनलाई प्राथमिकता दिनुपर्ने महत्वपूर्ण सुझावसमेत सिबिफिनको छ।

यस्तै फजुल खर्च र अनावश्यक वस्तु तथा सेवाको प्रयोगलाई निरुत्साहित गर्दै बचत गर्न प्रोत्साहन गर्न आग्रह गरिएको छ। सो संस्थाले नेपालका मौलिक उत्पादन अदुवा, अलैंची, प्राकृतिक रेशा (अल्लो, भाङ्ग्रो), मसलाजन्य वस्तु, हातेकागज, जडीबुटी, तयारी पोशाक, रेशम यान र कपडाको साथै अचार, सातु चिउराका बारेमा अध्ययन गरिरहेको छ।

ती सामग्रीको वर्तमान अवस्था, योगदान र आगामी कार्यदिशाका विषयमासमेत अध्ययन गरिरहेको र त्यससम्बन्धी प्रतिवेदन निकट भविष्यमै सम्बन्धित निकायमा बुझाइ सार्वजनिक गर्ने तयारी गरेको वरिष्ठ उपाध्यक्ष एवं भोजबहादुर शाहले जानकारी दिनुभयो।

# 'नागरिकता विधेयक फिर्ता ल्याएर राष्ट्रिय सहमतिमा पास गर्नुपर्छ'

काठमाडौं, २३ असार (रासस)।

नेकपा (एमाले) का राष्ट्रियसभाका प्रमुख सचेतक खिमलाल भट्टराईले नागरिकता विधेयक फिर्ता गरेकोप्रति आपत्ति जनाउँदै फिर्ता ल्याएर पास गर्न माग गर्नुभएको छ।

राष्ट्रियसभाको बिहीबारको विशेष समयमा उहाँले उक्त विधेयक बनाउनका लागि दुई वर्षसम्म करोडौंको लगानी गरेर नागरिकता विधेयक फिर्ता गर्नु आपत्तिजनक भएको बताउनुभयो। "नागरिकता विधेयक समितिबाट पास भएर राष्ट्रियसभामा पनि आउँछ भन्ने लागेको थियो", उहाँले भन्नुभयो, "दुई वर्षसम्म करोडौं लगानी गरेर विधेयक फिर्ता गरियो, त्यो फिर्ता ल्याउन माग गर्छु।"

उहाँले मधेशमा जन्मसिद्ध नागरिकता पाउनका लागि ठूलो समस्या भएको र धेरै युवा नागरिकताबाट वञ्चित भएको उल्लेख गर्दै भन्नुभयो, "यस विषयमा म गृहमन्त्रीबाट यो जवाफ चाहान्छु, त्यो फिर्ता ल्याएर पास गरी त्यसलाई अघि बढाउन माग गर्दछु।"

उहाँले बजेट निर्माण प्रक्रियामा करका दर हेरफेरमा अनाधिकृत व्यक्ति प्रवेश गरेको विषयलाई लिएर अर्थमन्त्री जनार्दश शर्माले राजीनामा दिनु सकरात्मक भएको र छानबिन समितिले सत्यतथ्य बाहिर ल्याउने विश्वास व्यक्त गर्नुभयो। "नीतिलाई आत्मसाथ गर्नुपर्छ, राजनीतिक मूल्य मान्यता र परम्परालाई अगाडि बढाउन जरुरी छ, गलत व्यवहारमा प्रश्न उठेपछि आफैले नैतिकताका आधारमा बुझ्नुपर्ने हो", उहाँले भन्नुभयो, "त्यसका लागि आन्दोलन गर्नुपर्ने ठीक होइन, सही संस्कृतिलाई स्थापित गर्नुपर्ने ठाउँमा हामी छौं।"

युवालाई रोजगारी, पुँजी र प्रविधिको सदुपयोग हुन नसकेको समेत उहाँको भनाइ थियो। सांसद नारायणदत्त मिश्रले बजेट निर्माण प्रक्रियामा अनाधिकृत व्यक्तिको प्रयोग भएको भन्ने कुरामा अर्थमन्त्रीले राजीनामा दिएको तर यसअघि पनि यस्ता समिति बन्दा अर्थमन्त्रीले राजीनामा नदिएको स्मरण गर्नुभयो।

"संसदमा यसअघि पनि विभिन्न समिति बनेको थिए, तर अर्थमन्त्रीले राजीनामा दिनुपरेको थिएन", उहाँले थप्नुभयो, "अर्थमन्त्रीले राजीनामा दिएर नैतिकता देखाउनुभएको छ।" सांसद मिश्रले प्रत्येक वर्ष किसानलाई मलको अभाव हुने गरेकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै तत्काल उपलब्ध गराउन माग गर्नुभयो।

सांसद डा युवराज शर्माले नागरिकता विधेयक फिर्ता ल्याएर राष्ट्रिय सहमतिका साथ अगाडि बढाउन माग गर्नुभयो। धेरै नेपाली युवा नागरिकताबाट वञ्चित हुँदा अवसर गुमाउनुपरेको हुँदा नागरिकता विधेयकलाई राष्ट्रिय सहमतिका साथ पास गर्नुपर्ने उहाँले बताउनुभयो। सांसद शर्माले नेपाल कृषिप्रधान देश भएकाले बाँकेलाई विशेष कृषिमुखी बनाउन ध्यान सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद उर्मिला अर्यालले अर्थमन्त्रीमाथि उठेका प्रश्नका बारेमा छानबिन समितिले सत्य अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले देशका विभिन्न ठाउँ रामेछाप, प्यूठानलगायतका स्थानमा बस दुर्घटना भएर धेरै व्यक्तिको मृत्यु तथा घाइते भएको हुनाले सडक सवारीलाई सुरक्षित बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद जन्यतीदेवी राईले पछिल्लो समयमा सडक दुर्घटनाबाट अकालमा धेरैले ज्यान गुमाइरहनुपरेको स्मरण गर्दै सडक यातायातलाई सुरक्षित बनाउन र भाडादरमा समेत एकरुपता हुनुपर्नेमा जोड दिनुभयो। उहाँले बजारमा मूल्यवृद्धिका कारण जनजीवन निकै प्रभावित भइरहेकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै अनुगमन र खाद्यपदार्थको गुणस्तरमाथि ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

सांसद सुमित्रा बिसीले अर्थमन्त्रीले तीन महिनासम्म राख्नपर्ने सिसीटिभी फुटेजलाई १३ दिनमै हटाएकोप्रति आपत्ति जनाउनुभयो। उहाँले छानबिन समितिले प्रमाण पत्ता लगाएर निष्पक्ष छानबिन गर्नेमा आफू आशावादी बनेको उल्लेख गर्दै भन्नुभयो, "अर्थमन्त्रीले राजीनामा मात्र दिएर पुग्दैन, दोषी ठहर भएमा कारबाहीसमेत गरियोस्।"

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सांसदको प्रश्न : किसानले मल र जनताले नागरिकता कहिले पाउँछन् ?

काठमाडौँ, २३ असार (रासस) । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले मुलुकभर धमाधम रोपाइँ चालिरहेको अवस्थामा किसानले पर्याप्त मल नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

समयमै मलको आपूर्ति हुन नसक्दा रोपाइँका क्रममा किसानले मलको प्रयोग गर्न पाएका छैनन् । मल नपाउँदा कृषि उत्पादन घट्ने भन्दै किसानहरू चिन्तित छन् । बैठकको शून्य समयमा बोल्दै सांसदहरूले तत्काल नागरिकता विधेयक ल्याएर गैरनागरिक बनेको नेपालीलाई नागरिकता दिलाउन सरकारसँग आग्रह गर्नुभयो । उहाँहरूले नागरिकता विधेयक ल्याउँदा मुलुकको भौगोलिक संवेदनशीलतालाई पनि ख्याल राख्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद डा डिला सङ्ग्रौला पन्थले देशभर रोपाइँ चलिरहेको भए पनि किसानले मल नपाएको उल्लेख गर्दै किसानले मल कहिले पाउँछन् भनी प्रश्न गर्नुभयो । सांसद दलबहादुर रानाले तानसेन-बुटवल सडकमा प्रत्येक वर्ष ठूलो धनजनको क्षति हुने गरेको भन्दै उक्त सडक सुधार गर्न माग गर्नुभयो ।

सांसद दिलकुमारीले जनताको छोराछोरीले अझै नागरिकता पाउन नसकेको भन्दै नागरिकता विधेयक कहिले संसद्मा पेश हुन्छ भनी प्रश्न गर्नुभयो । सांसद दुर्गा पौडेलले ग्रामीण क्षेत्रका सडकको दूरावस्था सुधार गर्न माग गर्नुभयो । सांसद देवप्रसाद गुरुङले एसपिपी सम्झौता नगर्ने सरकार निर्णयबारे परराष्ट्र मन्त्रालयले गरेको पत्राचारका बारेमा सदनलाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले नेपाल आइपिएसको सदस्य बन्न नसक्ने भन्ने निर्णय र एमसिसी सम्झौतासँगै पारित भएको १२ बुँदे व्याख्यात्मक घोषणा स्वीकार गरे/नगरेका बारे जानकारी गराउन माग गर्नुभयो ।

सांसद देवप्रसाद तिमिल्सिनाले किसानलाई मलको व्यवस्था गर्न सरकारकालाई निर्देशन दिन सभामुखको ध्यानाकर्षण गराउनुभयो । सांसद देवेन्द्रराज कँडेलले कोरोना सङ्क्रमितले बीमाबापतको रकम नपाएको र बीमाको रकम भुक्तानी नदिने बीमा कम्पनीलाई कारबाही गर्न माग गर्नुभयो । सांसद नवराज सिलवालले गैरनागरिकलाई नागरिकता दिने गरी विधेयक ल्याउन नहुने बताउनुभयो । "नेपाली नागरिकले नागरिकता नपाएको भए उहाँहरूलाई तत्काल नागरिकता दिनुपर्छ", उहाँले भन्नुभयो, "हाम्रो छिमेकमा धेरै जनसङ्ख्या भएका मुलुक छन्, गैर नेपालीले नागरिकता नपाउनेतर्फ सरकार सचेत हुनुपर्छ ।"

सांसद निरुदेवी पालले किसानले मल, नागरिकले नागरिकता र विद्यार्थीले पाठ्यपुस्तक नपाएको विषयलाई तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद पद्मकुमारी अर्यालले जनसरोकारका विषय सम्बोधन गर्न सरकारले ध्यान नदिएको बताउनुभयो ।

चालु आवमा निर्माणाधीन विभिन्न २३१ आयोजनालाई बजेट कटौती गरिएको उल्लेख गर्दै उहाँले ती आयोजनालाई तत्काल बजेट विनियोजन गर्न आग्रह गर्नुभयो । सांसद पुष्पा भुसाल गौतमले महँगी नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले विप्रेषणको सदुपयोग गरी मुलुकलाई आर्थिक समृद्धिमा लैजान साझा सङ्कल्प पारित गर्न आग्रह गर्नुभयो ।

सांसद पोल्देन छोपाङ गुरुङले लमजुङ-मनाङ सडकखण्ड अवरुद्ध भइरहेको भन्दै तत्काल सडक सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद प्रेम सुवालले नगरकोट-दुवाकोट सडक तत्काल निर्माण सम्पन्न गरी पर्यटकीय क्षेत्रमा हुने आवातजावतलाई सहज बनाउन माग गर्नुभयो ।

# काठमाडौँ उपत्यकाको सुरक्षा : प्रदेश प्रहरीको समन्वयमा नेपाल प्रहरीले गर्ने

काठमाडौँ, २३ असार (रासस) । काठमाडौँ उपत्यका (काठमाडौँ, ललितपुर र भक्तपुर) को सुरक्षा प्रदेश प्रहरीको समन्वयमा नेपाल प्रहरीले गर्ने प्रस्ताव गरिएको छ ।

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकका सन्दर्भमा राज्य व्यवस्था तथा सुशासन समितिले प्रदेशको पनि भूमिका रहने गरी बुँदा थप गरेर अघि बढाउने निष्कर्ष निकालेको हो ।

संशोधनका लागि ल्याइएको विधेयकको दफा १० मा उपत्यकामा प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकारको प्रयोग तथा प्रदेश प्रहरीले अनुसन्धान गर्ने कसुरको अनुसन्धानसमेत नेपाल प्रहरीले गर्नेछ भनी थप गरिएको छ । यस्तै उपदफा २ मा उक्त प्रयोजनका लागि नेपाल प्रहरीबाट सम्पादन हुने कामका लागि काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लामा नेपाल प्रहरीअन्तर्गतका प्रहरी कार्यालय रहने छन् भन्ने व्यवस्था राखिएको थियो ।

उक्त व्यवस्थाले प्रदेश प्रहरीको भूमिका खुम्च्याएको र संविधानको अनुसूचीविपरीत हुने भनी समितिका सदस्यहरूबाट संशोधन प्रस्ताव आएको थियो । गृहमन्त्री बालकृष्ण खाण र गृहसचिव टेकनारायण पाण्डे उपस्थित समितिको बिहीबारको बैठकले उपत्यकाको सुरक्षाका सन्दर्भमा आएको संशोधन प्रस्तावको उक्त दफामा प्रदेश प्रहरीसँगको समन्वय रहने गरी बुँदा थप गरेर पास गर्ने गरी सहमति जुटेको समितिका सचिव बबिता मिश्रले जानकारी दिनुभयो ।

उहाँले दफा २ मा अध्ययागमनसम्बन्धी कसुरको अनुसन्धान नेपाल प्रहरीले नै अनुसन्धान गर्ने कुरालाई यथावत राखिएको पनि जानकारी दिनुभयो । गृहमन्त्री खाणले उक्त संशोधन विधेयक गत जेठ २९ गते सदनमा दर्ता गर्नुभएको थियो । अहिले राज्यव्यवस्था तथा सुशासन समितिमा विधेयकमाथि छलफल जारी छ ।

छलफलमा मुख्यगरी नेकपा (माओवादी केन्द्र)का सांसदहरूले प्रदेश प्रहरीको भूमिका काटिँदा संविधानविपरीत हुने भएकाले प्रदेशको भूमिका पनि रहनुपर्ने अडान राख्नुभएको थियो ।

बिहीबारको बैठकमा माओवादी केन्द्रका सांसदहरू यशोदा गुरुङ सुवेदी, रेखा शर्मा र शक्तिबहादुर बस्नेतले उपत्यकाको सुरक्षा नेपाल प्रहरीले हेर्ने तर प्रदेश प्रहरीको पनि भूमिका रहने गरी विधेयक अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो । उहाँहरूले त्यसरी अघि नबढाइए समितिमा आफूहरूको फरकमत रहने जानकारी गराउनुभएको थियो ।

सांसदहरू मोहन पाण्डे, खेम लोहनी, खगराज अधिकारी, नवराज सिलवाल, प्रेम सुवाल, झपटबहादुर रावल, विजय सुब्बाले उपत्यकाको सुरक्षाको जिम्मा नेपाल प्रहरीले नै गर्नुपर्ने गरी ल्याइएको संशोधन विधेयक नै उपयुक्त हुने धारणा बैठकमा राख्नुभएको थियो ।

बैठकमा सबै सांसदहरूको धारणा आएपछि गृहसचिव पाण्डेले प्रदेशको पनि समन्वय रहने गरी बुँदा थप गरेर अघि बढाउने जानकारी गराउनुभएको थियो । यसपछि समितिका सभापति मुकुन्द न्यौपानेले सोहीअनुसार बुँदा थप गरेर विधेयक अघि बढाइने कुरा समितिबाट पास भएको जानकारी गराउनुभयो ।

बैठकमा गृहमन्त्री खाणले गम्भीरतापूर्वक नै उपत्यकाको दायित्व निर्वाह गर्नुपर्ने भएकाले नै उक्त संशोधन ल्याइएको बताउनुभयो । उहाँले यो संशोधनलाई पूर्ववर्ती सरकारले अघि बढाएको र अहिलेको सरकारले समेत निरन्तरता दिएको जानकारी दिनुभयो । अहिले उक्त व्यवस्था अध्यादेशको रूपमा कार्यान्वयनमा छ ।

## मुस्लिम आयोगको वार्षिक प्रतिवेदन संसद्मा पेश

काठमाडौँ, २३ असार (रासस) । प्रतिनिधिसभामा 'मुस्लिम आयोगको वार्षिक प्रतिवेदन (२०७७ साउन-२०७८ असार)' पेश भएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट गृहमन्त्री बालकृष्ण खाणले उक्त प्रतिवेदन सदनमा पेश गर्नुभएको हो ।

बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपति कार्यालयबाट प्राप्त कार्यभारसम्बन्धी पत्रको व्होरा पढेर सुनाउनुभएको थियो । पत्रमा अर्थमन्त्री जनार्दन शर्माले आफ्ना पदबाट राजीनामा दिएपछि सो मन्त्रालयको समेत कार्यभार प्रधानमन्त्री देउवालाई तोकिएको व्होरा उल्लेख छ ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## चीनसँगका सबै समस्या शीघ्र समाधानमा भारतको जोड

नयाँदिल्ली, २३ असार (रासस/एएनआई) ।

पूर्वीलद्दाखको वास्तविक नियन्त्रण रेखा (एलएसी)मा चीन र भारतबीच समाधान गर्न बाँकी मुद्दालाई शीघ्र अघि बढाउनुपर्नेमा भारतले जोड दिएको छ ।

इण्डोनेशियाको बालीमा बिहीबारदेखि शुरू भएको जी-२० का विदेशमन्त्रीको बैठकमा भाग लिने क्रममा आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग बिहीबार भएको भेटमा भारतका विदेशमन्त्री एस जयशङ्करले कारोना महामारीका कारण घर फर्किएका आफ्नो देशका विद्यार्थीलाई चीन फर्काउन तथा एलएसीसम्बन्धी बाँकी मुद्दा चाँडो समाधान गर्न आह्वान गरेका हुन् ।

भारतका विदेशमन्त्रीले भारतीय विद्यार्थीलाई चीन फर्काउने प्रक्रिया शीघ्र अघि बढाउन तथा सीमा क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्ने दिशामा बाँकी रहेका कामलाई गति दिनुपर्नेमा जोड दिएका विदेश मन्त्रालयले जनाएको छ ।

विदेशमन्त्री जयशङ्करले द्विपक्षीय सम्झौता र प्रोटोकलको पूर्णपालनाका साथै आफूहरूबीच अघिल्लो भेटवार्तामा भएका समझदारीको पालना महत्वपूर्ण हुने बताए ।

दुवै मन्त्रीले चीन र भारतका सैनिक एवम् कूटनीतिक अधिकारीबीचको नियमित सम्पर्कलाई निरन्तरता दिनुपर्ने बताउँदै शीघ्र अर्को चरणको वरिष्ठ सैन्य अधिकारीको बैठकको प्रतीक्षामा आफूहरू रहेको जनाए । पारस्परिक सम्मान, पारस्परिक संवेदनशीलता र पारस्परिक हितमा आधारित द्विपक्षीय सम्बन्धले गति लिने भारतीय अभिमत विदेशमन्त्री जयशङ्करले दोहोऱ्याएका थिए ।

दुवै देशका मन्त्रीबीच क्षेत्रीय र अन्तरराष्ट्रिय चासोका विविध विषयमा पनि विचार आदानप्रदान भएको थियो । दुई वर्षअघि गलवान उपत्यकामा भारत र चीनबीच भएको भीडन्तमा २० भारतीय सैनिकको मृत्यु भएपछि दुई देशबीचको सम्बन्ध सुमधुर बन्न सकेको छैन । यद्यपि द्विपक्षीय व्यापार निर्वाधरूपमा भइरहेको छ ।

## चरम भोकमरी बढ्ने संयुक्त राष्ट्रसङ्घको चेतावनी

स्यान्टियागो, २३ असार (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घले ल्याटिन अमेरिकी र क्यारेबियन क्षेत्रमा भोकमरीको समस्या चरमरुपमा बढ्दै जानसक्ने चेतावनी दिएको छ ।

राष्ट्र सङ्घीय खाद्य कार्यक्रम (एफएओ)ले सो चेतावनी दिएको हो । पछिल्ला दिनमा ल्याटिन अमेरिकी र क्यारेबियन क्षेत्रीय देशहरुमा बढ्दै गएको खाद्य असुरक्षाका कारण यहाँ भोकमरी बढ्दै जाने अवस्था देखिएको सो कार्यक्रमले जनाएको हो ।

यहाँ हरेक वर्ष खाद्य असुरक्षा बढ्दै गएको र भोकमरीमा परेका नागरिकको संख्या पनि वर्षेनी बढ्दै गएको देखिएको अधिकारीले जनाएका छन् ।

सो विश्व खाद्य कार्यक्रमका अधिकारीले सन् २०२१ को तुलनामा यस वर्षमात्र कम्तीमा पनि ४० लाख नागरिक भोकमरीको चपेटामा परेका पाइएको पनि बताएको छ ।

यस क्षेत्रमा सन् २०२० र २०२१ मा सम्ममा करिब पाँच करोड ६५ लाख नागरिक भोकमरीको चपेटामा परेका थिए । साथै यसै अवधिमा यहाँका २६ करोड ८० लाख नागरिक खाद्यान्नको असुरक्षाको अवस्थामा परेका पनि पाइएको समाचारमा जनाइएको छ ।

यसरी वर्षेनी खाद्य असुरक्षामा पर्ने र खाद्यान्न अभावमा रहेका नागरिकको संख्या बढ्दै गएको भन्दै आगामी केही समयमै यहाँ भोकमरीमा पर्ने नागरिकको संख्या निकै धेरै हुने भएकाले त्यसको आवश्यक तयारी गर्न पनि संयुक्त राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले आग्रह गरेको छ ।

खडेरी तथा अन्य विविध कारणले यहाँ हरेक वर्ष खाद्यान्न उत्पादनमा पनि कमी आएको र यसका कारण यहाँ खाद्यान्न सङ्कट बढ्दै जाने बताइएको छ ।

## भारत, पाकिस्तान, मलेसिया र दक्षिण कोरियामा कोरोनाका बिरामी बढे

नयाँदिल्ली, २३ असार (रासस/एएनआई) ।

बितेका केही दिनयता एसियाका केही देशमा कोरोनाका बिरामी बढेको पाइएको छ । बुधबार मध्यरातसम्म अर्थात २४ घण्टाको समयावधीमा भारतमा १८ हजार ९३०, दक्षिण कोरियामा १८ हजार ५११, पाकिस्तानमा ८७२, मलेसियामा तीन हजार ५६१ जना कोरोना सङ्क्रमित थपिएका छन् ।

हाल भारतमा कोरोनाका कूल सङ्क्रमितको सङ्ख्या चार करोड ३५ लाख ६६ हजार ७३९ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ ।

चौविस घण्टाको समयावधीमा कोरोना सङ्क्रमणमा ३५ को मृत्यु भएको छ । कोरोना शुरु भएबाट हालसम्म यस महामाहरीको कारण पाँच लाख २५ हजार ३०५ को मृत्यु भएको छ ।

हाल भारतमा एक लाख १९ हजार ४५७ सक्रिय सङ्क्रमित रहेका छन् । करिब चार महिनापछि गत हप्ताबाट सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा बढी भएको छ ।

# अनौपचारिक र स्वरोजगार श्रमिक सामाजिक सुरक्षाको दायरामा

काठमाडौं, २३ असार (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले सामाजिक सुरक्षाको दायरा वृद्धि गर्दै लैजाने बताउनुभएको छ । तराई विकास तथा सञ्चार केन्द्रले बिहीबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले अनौपचारिक, स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका नेपालीलाई पनि सामाजिक सुरक्षाको दायरामा समेटिने उल्लेख गर्नुभएको हो ।

अहिले औपचारिक क्षेत्रका श्रमिक मात्र सामाजिक सुरक्षा कोषमा आवद्ध छन् । हालसम्म कोषमा तीन लाख ४४ हजार २४८ योगदानकर्ता र १७ हजार १५६ रोजगारदाता कोषमा आबद्ध भइसकेका छन् । कोषले आगामी आवदेखि अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि कोषको दायरामा ल्याउने गरी कार्यविधि निर्माण गरिरहेको छ । कार्यविधि अन्तिम चरणमा रहेको कोषले जनाएको छ ।

मन्त्री कुँवरले कोषले प्रदान गर्ने सुविधालाई वृद्धि गर्दै लैजाने पनि बताउनुभयो । कोषले हाल योगदानकर्तालाई चार प्रकारका सुविधा दिँदै आएको छ । योगदानकर्ताले कोषबाट औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुविधा, दुर्घटना तथा अशक्तता सुविधा, आश्रित परिवार सुविधा र अवकाश सुविधावापत आर्थिक सहयोग प्राप्त गर्दै आएका छन् ।

श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई पनि कोषमा आबद्ध गराउने र वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमी बनाउन कोषले सहुलियत कर्जा प्रवाह गर्ने बताउनुभयो । कोषले आगामी भदौ १ गतेदेखि योगदानकर्तालाई विभिन्न शीर्षकमा कर्जा प्रवाह गरिने जनाएको छ ।

कोषमा हालसम्म रु १९ अर्ब ६२ करोड योगदान रकम जम्मा भएको छ । कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले श्रमिकको जीवनमा आइपर्ने जोखिम कम गर्न कोषले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना अघि सारेको बताउनुभयो ।

# एकीकृत कारोबार असार २७ गतेदेखि

काठमाडौं, २३ असार (रासस) ।

बैंक तथा वित्तीय संस्था एकापसमा गाभिने क्रम पछिल्ला दिनमा वृद्धि भएको छ । नेपालको बैंकिङ इतिहासमा विशिष्ठ पहिचान बनाएको नबिल बैंकले अर्को 'क' वर्गको बैंक नेपाल बङ्गलादेश बैंकलाई गाभेको छ ।

एकापसमा गाभिएका बैंकले 'नबिल बैंक लिमिटेड' को नाममा यही असार २७ गतेदेखि एकीकृत कारोबार गर्ने भएको छ । नेपाल राष्ट्र बैंकको नियमन विभागले सो बैंकलाई यही असार २७ गतेदेखि एकीकृत कारोबारका लागि अनुमति प्रदान गरेको छ ।

"बैंक तथा वित्तीय संस्था एकापसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्तिसम्बन्धी नियमावली, २०७३ बमोजिम' केन्द्रीय बैंकले एक सूचनामार्फत जानकारी दिएको हो । यही असार १५ गतेमात्रै केन्द्रीय बैंकले एकीकृत कारोबारका लागि अन्तिम अनुमति दिएको थियो । सोही अनुमतिका आधारमा नेपाल बङ्गलादेश बैंकको सम्पूर्ण दायित्वसमेत अब नबिल बैंकले लिने भएको छ ।

नबिलले नेपाल बङ्गलादेश बैंकलाई प्रतिशेयर रु ४३ का दरले गाभेको हो । यस्तै अन्य बैंक तथा वित्तीय संस्थाले पनि एकापसमा गाभिने सम्झौता गरिसकेका छन् । ग्लोबल आइएमई बैंकले बैंक अफ काठमाण्डू बैंक गाभ्ने सम्झौता गरिसकेको छ ।

त्यस्तै हिमालयन बैंक र सिभिल बैंकले एकापसमा गाभिने अन्तिम तयारी गरिरहेका छन् । असार मसान्तभित्रै अन्य बैंकले समेत एकापसमा गाभिने तयारी गरेका छन् । नेपाल राष्ट्र बैंकको नीतिअनुसार नै बैंक तथा वित्तीय संस्था एकापसमा गाभिनका लागि आवश्यक सहमति गरेका छन् । धेरै बैंक तथा वित्तीय संस्था हुनुभन्दा कम सङ्ख्यामा गुणस्तरीय सेवा प्रदान गर्ने संस्था राख्ने सरकारको योजना रहेको छ ।

# ज्यान मार्ने उद्योगमा एकै परिवारका पाँच जना पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

ज्यान मार्ने उद्योगमा संलग्न रहेको आरोपमा सप्तरीमा बुधबार साँझ एकै परिवारका पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ घर भई हाल राजविराज नगरपालिका ८ बसोवास गर्दै आइरहेका ३३ वर्षिय धनविर साह, उनका २२ वर्षिया श्रीमती सरिता, २५ वर्षिया साली रन्जु, २२ वर्षिया साली अर्चना र ५५ वर्षिया सासु अमेरिका देवी छन् ।

बिहीबार सप्तरी जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग शिर्षक मुद्दामा म्याद थप गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

प्रहरीका अनुसार असार १४ गते बिहान ६ बजेतिर बलान बिहुल गाउँपालिका ८ घर भई हाल राजविराज नगरपालिका ८ मै बसोवास गर्दै आएका बिजय यादवको पत्नि संजु, छोरी पिंकी र किरणमाथी साह परिवारले सांघातिक आक्रमण गरेका थिए । घरेलु हतियारले टाउको लगायत शरीरको संवेदनशिल अंगमा प्रहार गरेपछि गम्भिर घाइते भएका उनीहरु अहिले पनि उपचारकै क्रममा रहेको प्रहरीको भनाई छ ।

गम्भिर घाइते भएकाहरुको तर्फबाट संजुका श्रीमान् बिजय यादवको जाहेरीले बादी नेपाल सरकारकोतर्फबाट चलाइएको ज्यान मार्ने उद्योग शिर्षक मुद्दामा पक्राउ परेका उनीहरुलाई हिरासतमा राखी आवश्यक अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## अधिकांश विद्यार्थीका...

जनक शिक्षा समाग्री केन्द्रको डिपोहरु मै पाठ्यपुस्तकको अभाव भएपछि समस्या भएको पुस्तक व्यवसायीहरु बताउँछन् ।

यता शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका प्रमुख विजय मण्डलले पुस्तक अभावबारे जानकारी आएको र आफुले सम्बन्धित निकायमा पहल गरिरहेको बताए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np